# *हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययन

नरेन्द्र प्रसाद पनेरू

परीक्षा क्रमाङ्क : २८७१०३९५/०७३

त्रि.वि.दर्ता नं.: ९–२–४०४–१२७–२०१०

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षाअन्तर्गत स्नातकोत्तर तह, चौथो सत्रको नेपाली शिक्षा ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि.वि.,कीर्तिपुर

**२०७४/2017**

# प्रतिबद्धतापत्र

प्रस्तुत शोध प्रतिवेदनभित्रका प्राथमिक सामग्री कहीँ कतैबाट साभार गरिएको छैन । द्वितीयक सामग्रीहरूमा सन्दर्भाङ्कन दिएर उपयोगमा ल्याइएको छ । यसका कुनै अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ प्रस्तुत शोधप्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

..........................

नरेन्द्र प्रसाद पनेरू

(शोधार्थी)

मितिः २०७४/११/०२

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनका लागि शोधार्थी नरेन्द्र प्रसाद पनेरूले '*हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार गर्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

सहप्रा. डा. कुशिमला भट्टराई

(शोधनिर्देशक)

मिति : २०७४/११/०३

Date: Feb 15, 2017

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**नेपाली भाषा शिक्षा विभाग**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशका निम्ति यस सङ्कायतर्फका छात्र नरेन्द्र प्रसाद पनेरूद्वारा '*हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| **क.सं.** | **नाम** | **दस्तखत** |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ................................ |
| २. | प्रा. महेश्वर न्यौपाने (शोध विशेषज्ञ) | ................................ |
| ३. | सहप्रा. डा. कुश्मिला भट्टराई (शोधनिर्देशक) | ................................ |

मिति : २०७४/११/१५

Date: Feb 27, 2017

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत शोधपत्र तयार गरिएको हो । यस शोधपत्रले समाजभाषिक अध्ययनको क्षेत्रमा जिज्ञासा राख्ने सबैमा सहयोग पुऱ्याउने आशा राखिएको छ । आफ्ना समस्या र बाध्यतालाई पन्छ्याएर जतिसुकै थकित अवस्थामा पनि सुरुदेखि अन्तिम रूप नहुन्जेलसम्म उत्साहपूर्ण कुशल निर्देशन र महत्त्वपूर्ण सल्लाह सुझाव दिनुहुने आदरणीय गुरुआमा सहप्रा.डा.कुश्मिला भट्टराईप्रति हार्दिक कृतज्ञता र सम्मान प्रकट गर्दछु । उपयुक्त शोधप्रस्तावको शीर्षक स्वीकृत गरी शोधका लागि अवसर प्रदान गर्नुहुने आदरणीय गुरु विभागीय प्रमुख प्रा.डा.रामप्रसाद भट्टराई र विभागका सम्पूर्ण गुरुहरूप्रति आभार प्रकट गर्दछु ।

यस धर्तीमा जन्म दिएर एकशब्दे बोलीदेखि औँला समातेर हिँड्न सिकाउने र अनेकौँ दुःख, पीडा, बाधा अड्चनको प्रवाह नगरी शिक्षा नै मूल मन्त्र हो भन्दै शिक्षाको पारिलो घाम ताप्न सधैं प्रोत्साहन गर्नुहुने पूजनीय बुबा करुणाकर पनेरू र कर्मशील बन्न उत्साही बनाउने ममतामयी आमा चन्द्रादेवी पनेरूप्रति म सदा ऋणी छु । उच्च शिक्षा हासिल गर्न यस कठिन गोरेटोमा आवश्यक साथ सहयोग र हौसला प्रदान गर्नुहुने सानो बुबा सिद्धराज पनेरू र सानीआमा दीपा पनेरूप्रति विशेष आभार प्रकट गर्दछु । बाल्यकाल सुखमय बनाउने दिदी, बहिनी, भाइ, सम्पूर्ण शैक्षिक संस्थामा प्राध्यापन गर्ने गुरुवर्ग, प्रत्यक्ष र परोक्ष रूपमा सहयोग गर्ने इष्टमित्र र शुभेच्छुकप्रति विशेष आभार प्रकट गर्दछु ।

शोधपत्र तयार पार्ने क्रममा सल्लाह र सहयोग प्रदान गर्नुहुने आत्मीय मित्र मोहनदेव जोशी, लोकराज रोसेरालगायत अन्य साथीहरू र शोधपत्र शुद्धीकरण र टङ्कन गरिदिनुहुने आदरणीय दिदी तारा अधिकारीलाई धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली शिक्षा विभागसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

नरेन्द्र प्रसाद पनेरू

## शोधसार

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत '*हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकको शोधपत्र तयार गरिएको हो । यस शोधकार्यका उद्देश्यहरूमा *हरिबहादुर* उपन्यासका पात्रहरूलाई वर्गीय, लैङ्गिक, उमेर र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु, उपन्यासका पात्रहरूले प्रयोग गर्नेभाषाको वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु र समाजभाषिक सिद्धान्तका आधारमा *हरिबहादुर* उपन्यासको भाषाशैली पहिल्याउनु रहेका छन् ।

प्रस्तुत शोधकार्य *हरिबहादुर* उपन्यासमा प्रयुक्त वर्ग, लिङ्ग, शिक्षा र उमेरका आधारमा पात्रले प्रयोग गर्ने भाषा कस्तो छ ? पात्र प्रयोगको स्थिति कस्तो छ ? र समग्र उपन्यासको भाषाशैली के कस्तो छ भन्ने समस्यामा केन्द्रित रहेको छ । शोधकार्यलाई निश्चित उद्देश्य र निष्कर्षमा पुऱ्याउन प्राथमिक स्रोत सामग्रीका रूपमा *हरिबहादुर* उपन्यासलाई अध्ययन विश्लेषणको प्रमुख आधार बनाइएको छ । अध्ययनका क्रममा द्वितीयक सामग्रीका रूपमा समाज भाषाविज्ञानसँग सम्बन्धित पाठ्यपुस्तकहरू, लेख, रचनाका साथै विभिन्न शोधपत्रहरू आदि रहेका छन् । मुख्यतः पुस्तकालयीय अध्ययन र आंशिक रूपमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी निर्धारित उद्देश्य प्राप्तिका लागि तथ्यहरूको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

उपन्यासकार हरिवंश आचार्यद्वारा लिखित *हरिबहादुर* उपन्यास नेपाली साहित्यका फाँटमा वि.सं. २०७३ सालमा आएको हो । यस उपन्यासले गाउँदेखि शहरसम्म नेपाली समाजभित्र रहेको अशिक्षा, अज्ञानता, चोरी, डकैती, जाल, झेल, हत्या, हिंसा र घृणित मनोवृत्तिको सजीव चित्र प्रस्तुत गरेको छ । यस उपन्यासमा चेतनाको मूलधारबाट वञ्चित तमाम समाजका विपन्न र सम्पन्न परिवारभित्रका युवा भनाउँदा पात्रको सङ्कीर्ण र हीन मनोवृत्तिको अपरिष्कृत परिवेशको कथा उल्लेख गरिएको छ । नेपाली

समाजभित्र रहेको गरिबी, भोकमरी, शोषण, दमनभित्र छट्पटाइरहेको मानवीय मूल्य र संवेदनाको सूक्ष्म तथा यथार्थ अभिव्यक्ति यस उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासमा सुरुदेखि अन्त्यसम्म रहेको मुख्य पात्र हरिबहादुर र अलैचीको सेरोफेरोमा उपन्यासको अन्त्य भएको छ ।

'*हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकको प्रस्तुत शोधको निष्कर्षलाई निम्नानुसार बुँदागत रूपमा देखाउन सकिन्छ :

- गाउँदेखि शहरसम्मका धूर्त, फटाहा, बिठ्याइँ, चतुऱ्याइँ, जाल, झेल, हत्या, आतङ्क र वैमनस्यता सिर्जना गर्ने तमाम मानव भनाउँदाहरूको जीवन पद्धतिमा आधारित कृति हो ।
- निश्चित कथानक नभएको टुक्रे कथानकको संयोजनबाट कृतिको सिङ्गो संरचना तयार पारिएको छ ।
- वर्गका हिसाबले उच्च, मध्यम र निम्न भाषाको प्रयोग गरिएको छ ।
- लिङ्गका आधारमा महिला र पुरुषले प्रयोग गर्ने भाषिक संवाद भरपुर मात्रामा पाउन सकिन्छ ।
- उमेरका दृष्टिले बाल, युवा, प्रौढ र वृद्धहरूले प्रयोग गर्ने भाषालाई समावेश गरिएको छ ।
- शिक्षाका दृष्टिकोणले शिक्षित र अशिक्षित पात्रहरूको प्रयोग गरी सोहीअनुरूप भाषाको प्रयोग गरिएको छ ।
- उपन्यासमा पात्रहरूले भाषिक संवादका क्रममा कोड मिश्रण, थेगोको प्रयोग, हिन्दी भाषा र भाषिकाको प्रयोगका साथै उखानटुक्काको समेत प्रयोग गरिएको छ ।

# विषयसूची

## अध्याय एक

## शोध परिचय


१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको सान्दर्भिकता र उपादेयता ४

१.५ शोधको परिसीमा ५

१.६ शोधपत्रको रूपरेखा ६


## अध्याय दुई

## पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक परिचय


२.१ पूर्वकार्यको पुनरावलोकन ७

२.१.१ कृति समीक्षा ७

२.१.२ शोधपत्रको समीक्षा ९

२.२ सैद्धान्तिक परिचय १४

२.३ सामाजिक भाषाविज्ञानको सैद्धान्तिक पृष्ठभूमि १५

२.४ समाज भाषाविज्ञानको क्षेत्र १७

२.५ भाषिक भेद १८

२.५.१ सामाजिक भेद १८

२.५.१.१ वर्गका आधारमा १९

२.५.१.२ लिङ्गका आधारमा २०

२.५.१.३ उमेरका आधारमा २१

२.५.१.४ शिक्षाका आधारमा २३

२.५.२ क्षेत्रीय भेद २४

२.५.३ कालिक भेद २४

२.५.४ विषयगत भेद/प्रयोजनपरक भेद २५

२.५.५ प्रसङ्गगत भेद

२.५.६ माध्यमगत भेद २६

**अध्याय तीन**

**अध्ययन विधि र प्रक्रिया**

३.१ सामग्रीको स्रोत २७

३.२ तथ्याङ्क विश्लेषण २८

**अध्याय चार**

**वर्ग, लिङ्ग, उमेर र शैक्षिक आधारमा उपन्यासका पात्रहरूको वर्गीकरण ३०**

**अध्याय पाँच**

**वर्ग, लिङ्ग, शिक्षा र उमेरका आधारमा पात्रहरूले प्रयोग गरेको भाषाको विश्लेषण**

५.१ वर्गीयताका आधारमा उपन्यासका पात्रहरूको भाषिक विश्लेषण ३४

५.१.१ उच्च वर्गीय पात्रहरूको भाषिक विश्लेषण ३४

५.१.२ मध्यम वर्गीय पात्रहरूको भाषिक विश्लेषण ३६

५.१.२ निम्न वर्गीय पात्रहरूको भाषिक विश्लेषण ३७

५.२ लैङ्गिक आधारमा उपन्यासका पात्रहरूको भाषिक विश्लेषण ३९

५.२.१ महिला पात्रहरूको भाषिक विश्लेषण ३९

५.२.२ पुरुष पात्रहरूको भाषिक विश्लेषण ४१

५.३ शैक्षिक आधारमा उपन्यासका पात्रहरूको भाषिक विश्लेषण ४२

५.३.१ शिक्षित पात्रहरूको भाषिक विश्लेषण ४२

५.३.२ अशिक्षित पात्रहरूको भाषिक विश्लेषण ४४

५.४ उमेरगत आधारमा उपन्यासका पात्रहरूको भाषिक विश्लेषण ४६

५.४.१ बाल पात्रको भाषिक विश्लेषण ४६

५.४.२ युवा पात्रहरूको भाषिक विश्लेषण ४७

५.४.३ प्रौढ पात्रको भाषिक विश्लेषण ४८

५.४.४ वृद्ध पात्रहरूको भाषिक विश्लेषण ५०

## अध्याय छ

## समग्र *हरिबहादुर* उपन्यासको भाषाशैलीको अध्ययन र अभिमत विश्लेषण

६.१ *हरिबहादुर* उपन्यासको भाषाशैलीको अध्ययन ५२

६.२ पाठकहरूबाट सङ्कलित अभिमतको विश्लेषण ५८

## अध्याय सात

## सारांश, निष्कर्ष र उपयोगिता

७.१ सारांश ७२

७.२ निष्कर्ष ७४

७.३ उपयोगिता ७६

७.३.१ नीतिगत तह ७७

७.३.२ प्रयोगगत तह ७८

**सन्दर्भसामग्री सूची**

**परिशिष्ट**

**व्यक्तिवृत्त**